बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

बारबर्दिया राजपत्र

**भाग–२**

**खण्ड:४ संख्या: १२ मितिः २०७७/०५/२१**

**बारबर्दिया नगरपालिकाको "बिपन्न आर्थिक सहायता (बितरण तथा व्यवस्थापन) कार्यविधि, २०७७"**

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७७।०५।२१

**प्रस्तावनाः**

यस बारबर्दिया नगरपालिकाले प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न, बारबर्दिया नगरपालिकाको कोषको सही सदुपयोग गरी गरिब, बिपन्न,असहाय, प्राकृतिक विपत्ति तथा विपदमा परेका घरबार विहिन व्यक्तिहरु, बिभिन्न रोगबाट पिडीत तथा दिर्धरोगी,दुर्घटनामा परेकाहरुको सहायताको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी बारबर्दिया नगरपालिकाले **"बिपन्न आर्थिक सहायता (बितरण तथा व्यवस्थापन)सम्बन्धि कार्यविधि २०७७"** बनाई नगर कार्यपालिकाको बैठकवाट पारित गरि जारी गरिएको छ ।

## परिच्छेदः-१ प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधि नाम बारबर्दिया नगरपालिकाको "**बिपन्न आर्थिक सहायता (बितरण तथा व्यवस्थापन ) सम्बन्धि कार्यविधि २०७७**" रहेकोछ।

२) यो कार्यविधि नगरकार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क)**"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख)**"नगरपालिका"** भन्नाले बारबर्दिया नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग)**"कार्यपालिका"** भन्नाले बारबर्दिया नगरपालिकाको कार्यापालिकालाई सम्झनु पर्दछ ।

(घ)**"कार्यालय"** भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ)**" बिपन्न आर्थिक सहायता"**भन्नाले बारबर्दिया नगरपालिकाकाबाट नगरपालिकाका अति विपन्न नागरिकहरुलाई प्रदान गरिने आर्थिक सहायता लाई सम्झनु पदर्छ ।

**३. बिपन्न आर्थिक सहायता प्राप्त गर्ने लक्षित वर्ग तथा क्षेत्रहरु:** यस नगरपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायता प्राप्त गर्ने लक्षितवर्ग तथा सम्भाव्य क्षेत्रहरु निम्न बमोजिम हुनेछ ।

(क) आर्थिक रुपमा ज्यादै जोखिममा रहेका व्यक्ति वा समुह,

(ख) मानवीयहित, कल्याण वा संरक्षणको दृष्टिले सहायता गर्नुपर्ने भनि पहिचान भएका व्यक्ति वा समूह,

(ग) ठूला रोगहरु क्यान्सर,मृगौला,मुटुरोगका बिरामीहरु,

(घ) प्राकृतिक विपत्ति तथा विपदमा परेका घरबार विहिन व्यक्तिहरु,

(ङ)दुर्घटना भई गरिबी र विपन्नाको कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थाका ब्यक्तिहरु,

**४. बिपन्न आर्थिक सहायता प्रदान गर्ने मापदण्डः**

१.दुर्घटनाः नगरपालिका क्षेत्रमा कुनै ठूलो दुर्घटना भई गरिबी र विपन्नाको कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्था तथा तत्काल उद्दार एवं उपचार गराउनु पर्ने अवस्थामा रु २०००।(दुईहजार) देखि ५०००।(पाँच हजार)सम्म आर्थिक सहायता उपललब्ध गराउन सकिनेछ ।

२.दिर्घरोग तथा अन्य उपचारः नगरपालिकाबासीहरु मध्ये दिर्घरोग लागेको अवस्था भएको तथा गरिबी र बिपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएकोले उपचार गराउन नसकी समस्यामा परेको ब्यक्तिलाई अवस्था हेरी एक पटकमा २०००। (दुइहजार) देखी १००००।(दश हजार) सम्म उपलब्ध गराउन सकिनेछ ।

३.प्राकृतिक विपत्ति तथा विपदमा परेका घरवार बिहिन ब्यक्तिहरुः यस नगरपालिका क्षेत्रमा प्राकृतिक विपत्ति तथा विपद् परि धनजनको क्षति भई सामाजिक जीवनयापनमा प्रतिकुल असर परेकोमा अवस्था

हेरी एक पटकमा रु २०००।(दुइहजार) देखि ५०००।(पाँचहजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

५.आर्थिक सहयोगको रकम सम्बन्धित व्यक्तिलाई भुक्तानी गर्दा तत्काल आर्थिक सहायता उपलब्ध गराउने भएमा नगरप्रमुख संगको समन्वयमा प्रमुख प्रशासकीय अधिकृतले बढिमा रु २ हजार देखि १० हजार सम्म निवेदकको माग निबेदन संग सम्बन्धित विषय र अवस्था बुझि आर्थिक सहायता उपलब्ध गराउन सक्नेछन ।

६. नगरपालिकाले सहयोग गर्ने रु १०,०००। भन्दा बढिको आर्थिक सहायता नगरकार्यपालिकाको बैठकबाट निर्णय गराउनुपर्नेछ ।

**७. बिपन्न आर्थिक सहायता भुक्तानि प्रकृयाः**

७.१ बारबर्दिया नगरपालिकाले आर्थिक सहायता उपलव्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ ।

क) सम्बन्धित व्यक्ति वा नीजको अभिभावक वा नीजको संरक्षकको निवेदन ।

ख) प्राकृतिक विपत्ति तथा विपदमा परेकाकोहकमा प्रहरी सर्जमिन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिस ।

ग) अशक्त, सहाराविहीन वृद्ध, वृद्धा, अति विपन्न व्यक्तिहरुको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस ।

घ) विरामीको हकमा निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी । यस्तो कागजात निवेदन दिने मिति भन्दा १ (एक) महिना पूरानो भएमा मान्य हुने छैन। साथै सम्वन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण तर, माथि जुनसुकै कुरा लेखिएको भएतापनि जटिल रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल वोर्डको सिफारिस समेत पेश गर्नु पर्नेछ।मेडिकल वोर्डको सिफारिस सहीत सहयोग माग भएको हकमा बारबर्दिया नगरपालिकाकोले आर्थिक सहायता उपलव्ध गराउन सक्नेछ ।

७.२ उपरोक्त बमोजिम सहयोगका लागि आउने निवेदन दर्ता गर्दा नगरपालिकाले निवेदकको अवस्थाको गाम्भिर्यता प्रति विश्वस्त हुन आवश्यकता अनुसार सम्वन्धित वडा कार्यालयको सिफारिस समेत माग गर्न सक्नेछ ।

७.३ आर्थिक सहायताको लागि सम्बन्धित ब्यक्तिले नगरपालिकामा दिएको निबेदनमाथि प्रमुख प्रशासकिय अधिकृतको तोक आदेश बमोजिम आर्थिक सहायता सम्बन्धित हेर्ने अधिकृत स्तरको कर्मचारीले आवस्यक प्रकृया पुरा गरि निवेदकलाई तत्कालै आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

**८.एक व्यक्तिलाई एक पटक मात्र सहयोगः** माथि जुनसुकै कुरा लेखिएको भएतापनि एक व्यक्तिलाई एक आर्थिक बर्षमा एकै शीर्षकमा एक पटक भन्दा बढी आर्थिक सहायता प्रदान गरिने छैन ।

**९.प्रतिवेदन पेश गर्नुपर्नेः** १.यस बारबर्दिया नगरपालिकाको कार्यालयबाट त्रैमासिक रुपमा वितरण भएका आर्थिक सहायताको एकमुष्ट बिवरण प्रतिवेदन आर्थिक सहायता सम्बन्धित हेर्ने अधिकृत स्तरको कर्मचारीले प्रमुख प्रशासकिय अधिकृतलाइ र निजले नगरकार्यपालिकाको बैठकमा पेश गरि स्वीकृत गराउनु पर्नेछ ।नगरपालिकाबाट प्रदान गरिएको आर्थिक सहायताको अनुसूचि -२मा उल्लेख भएबमोजिम रेकर्ड राखिनेछ ।

**१०.प्राप्त बिपन्न आर्थिक सहायता तोकिएको प्रयोजनमा खर्च गर्नुपर्नेः** यस नगरपालिकाबाट जुन प्रयोजनको लागि जे जति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरेको हो सोहि प्रयोजनका लागि सो रकम खर्च गरेको हुनु पर्नेछ र सोको आधिकारिक प्रमाण र कागजात आर्थिक सहायता सम्बन्धित हेर्ने अधिकृत स्तरको कर्मचारीले एकमहिना भित्रमा नगरकार्यपालिकाको कार्यालयको लेखा शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**११. स्थलगत अनुगमन समितिः** बारबर्दिया नगररपालिकाबाट बितरण भएका आर्थिक सहायताको प्रभावकारी सदुपयोग सम्बन्धमा स्थलगत रुपमा अध्ययन अवलोकन गरि नगरकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न देहायको एक समिति रहनेछ ।

(क) आर्थिक सहायता प्रदान गरिएको विषयसंग सम्बन्धित क्षेत्र हेर्ने अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) सम्बन्धित बिषयको बिषयगत समितिको संयोजक - सदस्य

(ग) सम्बन्धित वडाको वडा सचिब - सदस्य

(ख) आर्थिक प्रशसन शाखाका प्रमुख वा निजले तोकेको शाखाको अन्य कर्मचारी - सदस्य —सचिव

**१२. कोषबाट व्यय हुनेः** आर्थिक सहायताको रकमको खर्च बिनियोजित बजेटको सम्वन्धित शिर्षकबाट मात्र हुनेछ ।

**१३.कार्यविधिको व्याख्या संसोधन तथा अनुसुचि थपघटः** यस कार्यविधिको आवस्यक व्याख्या,संसोधन तथा अनुसूचिमा थपघट बारबर्दियाको नगरकार्यपालिकाले गर्नेछ ।

**१४बिबिधः**

**१. बाझिएमाः** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ ।

**.२ यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** यस अघि यस नगरपालिकाबाट भएका वा दिइएका आर्थिक सहायता वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

## (बुँदा न.७.१ संग सम्बन्धित )

श्री नगरप्रमुख/प्रमुख प्रशासकिय अधिकृत ज्यू मितिः

बारबर्दिया नगरपालिकाको कार्यालय

जयनगर,बर्दिया

बिषयः बिपन्न आर्थिक सहायता उपलव्ध गराई पाँऊ ।

महोदय,

प्रस्तुत बिषयमा..................................स्थायी ठेगाना भएको म.........................लाई.......................................गर्नुपर्ने भएकोले सो का लागि मेरो आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोहुँदा उक्त कामका लागि आर्थिक सहायता रकम उपलब्ध गराई दिनुहुन तपशिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदक

नामः

स्थायी ठेगानाः

सम्पर्कमो.न.ः

<u>तपशिल</u>

१। नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि।

२। सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलव्ध गराउनु पर्ने कारण,आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।

३। अन्य आवस्यक कागजातहरु ।

**अनुसूची २**

**( वुँदा नं ९.१ संग सम्बन्धित )**

| क.स. | **बिपन्न आर्थिक सहायता पाउने व्यक्तिको नाम,थर** | **ठेगामा** | **सम्पर्क न.** | **आर्थिक सहायता लिएको रकम** | **प्रयोजन** | **आर्थिक सहायता लिएको मिति र आ.ब.** |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |

तयार गर्ने          रुजु गर्ने          प्रमाणित गर्ने

आज्ञाले

दशरथ बुढा

प्रमुख प्रशासकीय अधिकृत